मध्यबिन्दु नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

नवलपरासी ( बर्दघाट सुस्ता पूर्व )

गण्डकी प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७५/०६/०९)

मध्यविन्दु नगरपालिकाको लागी स्वास्थ्य शाखा अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र चोरमाराको ART Center मा हेल्थ असिस्टेन्ट / स्टाफ नर्स को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य– विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.madhyabindumun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| हेल्थ असिस्टेन्ट / स्टाफ नर्स (ART कन्सुलरको रुपमा काम गर्ने ) | १ (एक) |

**शैक्षिक योग्यता, अनुभव र सेवा सुबिधा :**

१. नेपाली नागरिक ।
२. न्यूनतम योग्यता नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थावाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स कोर्स उत्तिर्ण गरेको ।
३. अनुभवीहरुको लागि विशेष ग्राह्यता दिइनेछ ।
४. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
५. संबन्धित काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणपत्र।
६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
७. परिक्षा शुल्क रु. ७००/- ( सात सय मात्र ) ।
८. तलब सुविधा प्रचलित स्केल अनुसार ।

**दरखास्तमा संलग्न गर्नुपर्ने:**

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

शिवराज सेढाई
प्रमुख प्रशासकीय अधिकृत